# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २२]  काठमाडौं, वैशाख २६ गते २०२९ साल  [संख्या ४

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

#### नेपाल न्याय सेवा (श्रेणी विभाजन, भर्ना, सरुवा र बढुवा) नियमावली २०२९

नेपाल निजामती सेवा ऐन २०१३ को दफा ७ र ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "नेपाल न्याय सेवा (श्रेणी-विभाजन, भर्ना, सरुवा र बढुवा) नियमावली २०२९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा––

(क) "सेवा" भन्नाले नेपाल निजामती सेवा ऐन २०१३ बमोजिमको राजपत्राङ्कित नेपाल न्याय सेवा सम्झनुपर्छ ।

(ख) "श्रेणी" भन्नाले यस नियमावलीबमोजिम विभाजन गरिएको सेवाको श्रेणी सम्झनुपर्छ ।

३. सेवाको श्रेणी र पदः– (१) सेवामा देहायका श्रेणी र ती श्रेणीमा अनुसूची १ मा तोकिए-का पद रहनेछन् :–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) विशिष्ट,
(ख) प्रथम,
(ग) द्वितीय, र
(घ) तृतीय ।

(२) सेवाको विभिन्न श्रेणीको पदको संख्या श्री ५ को सरकारले समय समयमा निर्धारित गरेबमोजिम हुनेछ ।

४. रिक्त पदको पूर्ति:– (१) सेवाको रिक्त पदको पूर्ति यस नियमावलीबमोजिम नयाँ भर्ना, सरुवा वा बढुवाद्वारा गरिनेछ ।

(२) उप-नियम (१) बमोजिम रिक्त पदको पूर्ति गर्दा श्री ५ को सरकारले न्याय सेवा आयोगको सिफारिशमा गर्नेछ ।

तर सेवाको तृतीय श्रेणीमा बढुवा वा नयाँ भर्नाद्वारा स्थायी पूर्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा लोक सेवा आयोगको परामर्श प्राप्त भएको हुनुपर्छ ।

५. अरू सेवाबाट सरुवा:– (१) कानूनको स्नातक नभएको कुनै व्यक्ति अरू सेवाबाट न्याय सेवामा सरुवाको लागि योग्य हुने छैन ।

(२) त्यसरी सेवा परिवर्तन गरी सरुवा गर्दा साधारणतः तृतीय श्रेणीमा मात्र सरुवा गरिनेछ र यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि त्यसरी सरुवा गरिएको अधिकृत सरुवा भएको मितिले एक वर्षको लागि सेवाभित्र बढुवाको लागि योग्य भएको मानिने छैन ।

६. नयाँ भर्ना:– सेवाको तृतीय श्रेणीको पदमा मात्र नयाँ भर्ना गरिनेछ ।

७. बढुवा:– सेवाको तृतीय श्रेणीभन्दा माथिको श्रेणीको रिक्त पद साधारणतः सेवाको अधिकृतमध्येबाट बढुवाद्वारा पूर्ति गरिनेछ ।

८. तृतीय श्रेणीको पदमा नयाँ भर्ना वा बढुवा हुन चाहिने योग्यता:– देहायको योग्यता पुगेको व्यक्ति तृतीय श्रेणीको पदमा नयाँ भर्ना वा बढुवाद्वारा नियुक्ति हुन लोक सेवा आयोगबाट लिइने प्रतियोगितात्मक परीक्षामा सामेल हुन योग्य हुनेछन्:–

(१) नयाँ नियुक्तिको लागि कानूनको स्नातक भई प्रचलित नेपाल कानूनले निजामती सेवाको लागि अयोग्य नभएको,

(२) बढुवाद्वारा नियुक्तिको लागि श्री ५ को सरकारको सेवामा स्थायी नियुक्ति भएको र कानूनको स्नातक भएको ।

९. बढुवाको लागि सेवा अवधि:– सेवाको तृतीय श्रेणीभन्दा माथिको श्रेणीको रिक्त पदमा बढुवाको निमित्त उम्मेदवार बन्नको लागि एक तहमुनिको पदमा घटीमा पाँचवर्ष नोकरी अवधि पुगेको हुनुपर्छ ।

४५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रिक्त पदहरूको पच्चीस प्रतिशत तत्पश्चात् उक्त प्रतिशतलाई बढाउन सक्ने गरी न्याय सेवा आयोगमार्फत् गोरखापत्र तथा अन्य पत्रपत्रिकामा विज्ञापन गरी आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा बढुवा गरिनेछ ।

तर–

यो उप-नियम २०२९ साल आश्विन ८ गतेदेखि मात्र लागू हुनेछ ।

(२) उप-नियम (१) बमोजिम आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवाको लागि सेवाकै र देहायका सेवाका एक तहमुनिका योग्यता पुगेका अधिकृतहरूले मात्र दरखास्त दिन र परीक्षामा भाग लिन पाउनेछन्:–

(क) नेपाल प्रशासन सेवा,

(ख) नेपाल शिक्षा सेवा,

(ग) नेपाल वैदेशिक सेवा,

(घ) राष्ट्रिय पञ्चायत सेवा ।

तर–

यो उप-नियम बमोजिम परीक्षामा भाग लिन सेवाका कर्मचारी बाहेक अन्य उम्मेदवारहरू कानून स्नातक भएको हुनुपर्छ ।

(३) यस नियमबमोजिम पूर्ति हुने पदको सम्बन्धमा न्याय सेवा आयोगबाट प्रकाशित हुने विज्ञापनमा बढुवा हुने पदहरूको विवरण आवश्यक शैक्षिक योग्यता एवं नोकरी वर्ष उम्मेदवारहरूले दिनुपर्ने दरखास्तको ढाँचा र तरीका आदि खुलाइएको हुनुपर्छ ।

१५. नोकरीको जेष्ठता निर्धारण गर्ने तरीका:– नियम १० को उप-नियम (३) को प्रयोजनको लागि सेवाको कर्मचारीको आपसी जेष्ठता निर्धारण गर्दा सेवाका प्रत्येक श्रेणीका कर्मचारीहरू सो श्रेणीको पदमा नियुक्ति वा बढुवा भएको मितिले कायम गरिनेछ ।

तर–

(क) एकै मितिमा बढुवा भएको कर्मचारीहरूको हकमा निजहरूको सेवाको एकतहमुनिको पदको वरिष्ठताको आधारमा नोकरी जेष्ठता कायम गरिनेछ ।

(ख) एकै मितिमा बढुवाद्वारा वा नयाँ नियुक्ति भएका सेवाको तृतीय श्रेणीका कर्मचारीहरूको हकमा लोक सेवा आयोगले सिफारिश गरेको योग्यता क्रमानुसार नोकरीको जेष्ठता कायम गरिनेछ ।

(ग) सेवाको तृतीय श्रेणीमा अन्य सेवाबाट सरुवा भई आएका हकमा सरुवा भएको मितिको आधारमा र एकै मितिमा एकभन्दा बढी व्यक्ति सरुवा भएकोमा निजहरूको निजामती सेवामा नियुक्ति भएको मितिको आधारमा वरिष्ठता कायम गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. बढुवामा चित्त नबुझ्ने उम्मेदवारले उजूर गर्न पाउने:– सेवाको पदमा बढुवा गरिदा बढुवामा स्थान नपाई चित्त नबुझ्ने उम्मेदवारले बढुवाको निर्णयउपर निजामती सेवा नियमावली २०२१ को नियम ३.५ को खण्ड (९) बमोजिम उजूर गर्दा मन्त्रिपरिषद् सचिवालयमार्फत् श्री ५ को सरकारमा पेश गर्नु पर्नेछ र श्री ५ को सरकारले पनि त्यस्तो उजूरीको सम्बन्धमा उक्त नियमको खण्ड (१०) र (११) बमोजिम कार्यविधि अपनाउनु पर्नेछ ।

१७. सरुवासम्बन्धी व्यवस्था:– (१) यस नियमको अन्य उप-नियमहरूका अधीनमा रही सेवाका कर्मचारीलाई साधारणतः सुविधा कम सुविधाको क्रम मिलाई निजामती सेवा नियमावली २०२१ को नियम ३.५ को उप-नियम (४) को प्रयोजनको लागि विभाजन गरिएको एक वर्गबाट अर्को वर्गमा सरुवा गरिनेछ । त्यसरी सरुवा गर्दा कुनै कर्मचारीले आफ्नो सेवा अवधिमा कुनै वर्गमा बसी सकेको भए सो कुराको समेत ध्यान राखी सरुवा गरिनेछ ।

(२) साधारणतः वर्ग क. मा दुई वर्ष, वर्ग ख. मा अढाई वर्ष र अन्य वर्गमा तीन वर्ष काम गरेपछि सरुवाको अवधि पुगेको मानिनेछ । तर वर्ग क. को हक्मा मुगु, तिब्रीकोट, डोल्पा, मनाङ, हुम्ला, रोल्पा, मुस्ताङ र सोलुखुम्बुमा एक वर्ष बिताएपछि सरुवाको अवधि पुगेको मानिनेछ र वर्ग क. मा ठेकिएको कुनै कर्मचारीले लामो अवधिसम्म विशेष असाधारण वा अरू बिदा लिई खटाएको ठाउँमा नबसेको देखिए सो अवधिलाई यस उप-नियमको मनसायको लागि गणना गरिने छैन ।

(३) साधारणतः एक वर्गमा उप-नियम (२) मा लेखिएबमोजिम एक अवधि बिताई सकेका कर्मचारीलाई अर्को वर्गमा मात्र सरुवा गरिनेछ ।

१८. परीक्षण कालमा रहने:– यो नियमावलीबमोजिम नयाँ नियुक्ति गर्दा पछि नियुक्ति सदर गर्न वा नगर्न सक्ने गरी श्री ५ को सरकारले एक वर्षसम्मको परीक्षणकालमा नियुक्ति गर्न सक्नेछ ।

१९. कार्य सम्पादनसम्बन्धी प्रतिवेदन:– (१) सेवाका अधिकृतहरूको कार्यसम्पादनसम्बन्धी प्रतिवेदन निजामती सेवा नियमावली २०२१ मा तोकिएको फाराममा भरिनेछ र त्यस्तो फाराम पुनरालोकन कर्ताले न्याय सेवा आयोगमा पठाउनेछ ।

(२) त्यस्तो प्रतिवेदन भर्ने सुपरिवेक्षक र पुनरालोकनकर्ता अनुसूची २ बमोजिम हुनेछ ।

(३) त्यसरी प्रतिवेदन भर्दा असाधारण कोष्ठमा चिह्न लगाउनु पर्दा न्याय सेवा आयोगको पूर्व सहमति लिनुपर्छ ।

२०. नोकरी विवरण फाराम:– सेवाका अधिकृतहरूको निजामती सेवा नियमावली २०२१ बमोजिमको नोकरी विवरण फाराम अध्यावधिक बनाई राख्ने र राख्न लगाउने जवाफ-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर–

निजामती सेवा नियमावली २०२१ बमोजिमको कार्य सम्पादनसम्बन्धी मूल्याङ्कन फाराम २ मा कुनै अधिकृतको पदोन्नतिको निमित्त सम्भाव्य क्षमता दुई वर्षसम्म लगातार असाधारण तवरले योग्य भन्ने सुपरिवेक्षकद्वारा मूल्याङ्कन भई पुनरालोकनकर्ताबाट समर्थन भएमा सो पदमा चार वर्ष पुगेपछि पदोन्नतिको लागि सम्भाव्य उम्मेदवार बन्न सक्नेछ । लगातार तीन वर्षसम्म असाधारण तवरले योग्य भन्ने सुपरिवेक्षकद्वारा मूल्याङ्कन र पुनरालोकनकर्ताबाट समर्थन भएमा श्री ५ को सरकार मन्त्रिपरिषद्को निर्णयबाट नोकरीको अवधि तीन वर्ष पुग्नासाथ पदोन्नतिको लागि सम्भाव्य उम्मेदवार बन्न सक्नेछ ।

१०. कार्यक्षमताको आधारमा बढुवा गर्नेः– (१) नियम ९ को अधीनमा रही विभिन्न श्रेणीमा सेवाका कर्मचारीहरूको बढुवा निजहरूको कार्यक्षमताको आधारमा मात्र हुनेछ ।

(२) सेवाका कर्मचारीहरूको बढुवा गर्दा निजहरूको कार्यक्षमताको मूल्याङ्कन गरी बढी अङ्क प्राप्त गर्ने कर्मचारीको पहिले बढुवा गरिनेछ ।

(३) उप-नियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि समान कार्यक्षमता भएका कर्मचारीहरूको बढुवा नियम १५ मा निर्धारित गरिए अनुसारको सेवाको आपसी जेष्ठताको आधारमा गरिनेछ ।

११. कार्यक्षमताको मूल्याङ्कन गर्ने आधारः– बढुवाको लागि कार्यक्षमताको मूल्याङ्कन गर्ने आधार निजामती सेवा नियमावली २०२१ को नियम ३.५ बमोजिम हुनेछ ।

१२. बढुवा गर्दा अपनाउने कार्यविधिः– बढुवाको लागि सिफारिश गर्नु अगावै बढुवा हुने पदहरूको औपचारिक सूची सहितको सूचना सम्बन्धित उम्मेदवारहरूको जानकारीको लागि गोरखापत्र र अन्य पत्रपत्रिकामा न्याय सेवा आयोगबाट प्रकाशित गरिनेछ । त्यसरी प्रकाशित गर्दा पदको विवरण आवश्यक शैक्षिक योग्यता एवं वर्षको अनुभव र दरखास्त दिने म्याद एवं कार्यालय आदि खुलाइएको हुनुपर्छ । सम्बन्धित योग्य उम्मेदवारहरूले सोही सूचनामा तोकिएको म्यादभित्र निर्धारित ढाँचामा दरखास्त लेखी तोकिएको कार्यालयमा पेश गर्नु पर्नेछ । तर सम्बन्धित कुनै योग्य उम्मेदवारको दरखास्त पेश नभएको कारणबाटै निजको नाम उम्मेदवारहरूको सूचीबाट हटाइने छैन ।

१३. बढुवासम्बन्धी विशेष व्यवस्थाः– नियम १४ को उप-नियम (२) को अधीनमा रही यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विशिष्ट र प्रथम श्रेणीको पदमा बढुवा गर्दा कानून स्नातक भएकालाई बढुवा गरिनेछ ।

१४. आन्तरिक प्रतियोगिताद्वारा बढुवा गर्नेः– (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रथम र द्वितीय श्रेणीको रिक्त पदमा बढुवा गर्दा प्रथम दुई वर्ष

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

देही कानून तथा न्याय मन्त्रालय, आय र कर अदालत र बागमती विशेष अदालतका अधिकृतका हकमा कानून तथा न्याय मन्त्रालयको सचिवको, सर्वोच्च अदालत र मातहत अदालतका अधिकृतका हकमा सर्वोच्च अदालतका रजिष्ट्रारको र महान्यायाधिवक्ताको कार्यालय र मातहत कार्यालयको अधिकृतका हकमा महान्यायाधिवक्ताको कार्यालयका वरिष्ठ सरकारी अधिवक्ताको हुनेछ ।

२१. खारेजीः– नेपाल न्याय सेवा (श्रेणी विभाजन, भर्ना, सरुवा र प्रमोशन) नियमहरू २०१६ र नेपाल न्याय सेवा (गठन) नियमहरू २०१३ खारेज गरिएको छ ।

२२. बचाउः– यस नियमावलीमा लेखिए जतिमा यसै नियमावलीबमोजिम र अरूमा प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

मुद्रण विभाग, सिंहदरबार

५०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची– १
### नियम ३ (१) संग सम्बन्धित

| विशिष्ट श्रेणी | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी |
|---|---|---|---|
| १. श्री ५ को सरकारको सचिव कानून तथा न्याय मन्त्रालय। | १. श्री ५ को सरकारको सह सचिव, कानून तथा न्याय मन्त्रालय। | १. श्री ५ को सरकारको उप सचिव, कानून तथा न्याय मन्त्रालय। | १. जिल्ला न्यायाधीश<br>२. शाखा अधिकृत कानून तथा न्याय मन्त्रालय। |
| २. श्री ५ को सरकारको विशेष सचिव, कानून तथा न्याय मन्त्रालय। | २. अंचल न्यायाधीश<br>३. डेपुटी रजिष्ट्रार, सर्वोच्च अदालत। | २. जिल्ला न्यायाधीश<br>३. रजिष्ट्रार, आय र कर अदालत। | ३. शाखा अधिकृत सर्वोच्च अदालत। |
| ३. मुख्य न्यायाधीश, आय र कर अदालत। | ४. सरकारी अधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय। | ४. असिष्टेण्ट रजिष्ट्रार सर्वोच्च अदालत। | ४. शाखा अधिकृत आय र कर अदालत। |
| ४. न्यायाधीश, आय र कर अदालत। | | ५. अतिरिक्त सरकारी अधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय। | ५. शाखा अधिकृत, महान्यायाधिवक्ताको कार्यालय। |
| ५. रजिष्ट्रार, सर्वोच्च अदालत। | | ६. सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता। | ६. शाखा अधिकृत, न्याय सेवा आयोग |
| ६. वरिष्ठ सरकारी अधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय। | | | ७. बेन्च असिष्टेण्ट (शाखा अधिकृत), सर्वोच्च अदालत। |
| | | | ८. एडिटर, सर्वोच्च अदालत। |
| | | | ९. निजी सहायक, कानून तथा न्याय मन्त्रालय। |
| | | | १०. सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ता। |

स्पष्टीकरणः– (१) आय र कर अदालतको मुख्य न्यायाधीश पदमा एक्सकेडर नियुक्ति भएका हकमा यो श्रेणी विभाजन लागू हुने छैन।

(२) एउटै पद दुई विभिन्न श्रेणीमा परेकोमा सेवाको अधिकृत जुन श्रेणीमा नियुक्ति भएको छ निज सोही श्रेणीमा कायम भएको मानिनेछ।

मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–२
(नियम १९ (२) संग सम्बन्धित)

कानून तथा न्याय मन्त्रालय

| | | | |
|---|---|---|---|
| १) शाखा अधिकृत | – उपसचिव | – | सहसचिव |
| २) निजी सहायक (पि. ए.) | – सहसचिव | – | सचिव |
| ३) उप-सचिव | – सह-सचिव | – | सचिव |
| ४) सह-सचिव | – सचिव | – | मन्त्री |
| ५) सचिव | – मन्त्री | – | |

सर्वोच्च अदालत

| | | | |
|---|---|---|---|
| १) एडिटर, बेञ्च असिष्टेण्ट (शाखा अधिकृत) | – असिष्टेण्ट रजिष्ट्रार | – | डेपुटी रजिष्ट्रार |
| २) असिष्टेण्ट रजिष्ट्रार | – डेपुटी रजिष्ट्रार | – | रजिष्ट्रार |
| ३) डेपुटी रजिष्ट्रार | – रजिष्ट्रार | – | प्रधान न्यायाधीश |
| ४) रजिष्ट्रार | – प्रधान न्यायाधीश | – | |

सर्वोच्च अदालत मातहतका अदालत

| | | | |
|---|---|---|---|
| १) जिल्ला न्यायाधीश | – अञ्चल न्यायाधीश | – | प्रधान न्यायाधीश |
| २) अञ्चल न्यायाधीश | – प्रधान न्यायाधीश | – | |

आय र कर अदालत

| | | | |
|---|---|---|---|
| १) शाखा अधिकृत | – रजिष्ट्रार | – | मुख्य न्यायाधीश |
| २) रजिष्ट्रार | – मुख्य न्यायाधीश | – | |
| ३) न्यायाधीश | – मुख्य न्यायाधीश | – | |

महान्यायाधिवक्ताको कार्यालय

| | | |
|---|---|---|
| १) शाखा अधिकृत – | महान्यायाधिवक्ताले तोकेको सरकारी अधिवक्ता। | वरिष्ठ सरकारी अधिवक्ता। |
| २) सरकारी अधिवक्ता, अतिरिक्त सरकारी अधिवक्ता | वरिष्ठ सरकारी अधिवक्ता | महान्यायाधिवक्ता। |
| ३) वरिष्ठ सरकारी अधिवक्ता | महान्यायाधिवक्ता | |

महान्यायाधिवक्ताको कार्यालय मातहतका सरकारी वकील कार्यालय

| | | |
|---|---|---|
| १) सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ता। | सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता | सरकारी अधिवक्ता |
| २) सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता। | सरकारी अधिवक्ता – | वरिष्ठ सरकारी अधिवक्ता। |

बागमती विशेष अदालत

| | |
|---|---|
| सदस्य जिल्ला न्यायाधीश | अध्यक्ष। |

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

72

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।